# नगर उप-प्रमुख श्री फूल कुमारी थनेतज्यूद्वारा १७ औं नगर सभाको अधिवेशनमा प्रस्तुत गर्नु भएको बजेट बक्तव्य

## आ.व.२०८२/०८३

## कावासोती नगरपालिका

## २०८२ आषाढ १० गते मंगलबार

## काावासोती नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनमा नगर उपप्रमुख श्री फुल कुमारी थनेतले प्रस्तुत गर्नुभएको आ.व. २०८२/८३ को बजेट बक्तव्य

सम्मानित नगरसभाका सभाअध्यक्ष ज्यू,
नगरसभाका सदस्य ज्यूहरु,
नगर सभाका सचिवज्यू,
राष्ट्रसेवक कर्मचारीहरु,
उपस्थित पत्रकारहरु,

आज कावासोती नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत र अभिवादन गर्दछु । नेपाली जनताको स्वतन्त्रता र लोकतान्त्रिक व्यवस्था स्थापना गर्न विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने वीर सहिदहरु प्रति भावपूर्ण श्रद्वाञ्जली अर्पण गर्दछु । नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन रगत, पसिना र अमूल्य उर्जावान् समय दिइ योगदान पुर्याउने राजनीतिक तथा सामाजिक अग्रज व्यक्तित्वहरुलाई उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाली जनताको संघर्ष र लोकतान्त्रिक आन्दोलनका माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न बलिदानी गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति श्रद्धा सुमन अर्पण गर्न चाहन्छु । नेपाली सभ्यता, नेपाली समाज र नेपाल राष्ट्रलाई यहाँसम्म ल्याई पुर्याउने सम्पूर्ण नेपालीहरू प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । यस सभाका सदस्य एंवम वडा नं १ का वडा अध्यक्ष तवारक अहमद मिया गुमाउनु पर्दा अत्यन्त दु:ख र पिडादायी घटना भएको हुदाँ उहाँ प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

नेपालको संविधानको मूल मर्म तथा नेपाली जनताको भावना अनुरूप संघीयता कार्यान्वयनको शिलसिलामा कावासोती नगरपालिकाले आफूलाई बलियो स्थानीय तहको रूपमा स्थापित गर्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको छ । यस कार्यमा सकारात्मक सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा गहिरो साथ र सहयोगको अपेक्षा राख्दछु ।

सिमित स्रोत साधनको अधिकतम परिचालन गरी नगरपालिकाको सर्वाङ्गिण विकास गर्न स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित कावासोती नगरपालिका तीव्र रूपमा अगाडि बढीरहेको अवस्थामा देशको समग्र अर्थतन्त्रमा देखिएको शिथिलता, निर्माण सामग्रीमा भएको उच्च मूल्य वृद्धि तथा संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौती तथा नगरपालिकाको आन्तरिक आय पनि अनुमान गरिए भन्दा कम हुन पुगेको कारण नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका समग्र गतिविधीहरू प्रभावित भएका छन् जसको कारण हामीले अपेक्षा गरे अनुरुप विकास गर्न नसकीएको यथार्थता महसुस गरेका छु।

आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश सरकारको नीति तथा बार्षिक विकास कार्यक्रम, कावासोती नगरपालिकाको चालु आ.व. को नीति तथा कार्यक्रम, आवधिक योजना, आर्थिक तथा विनियोजन विधेयक, दिगो बिकास लक्ष्य, कार्यपालिका तथा नगरसभा सदस्यहरुको सुझाव, विषयगत समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा भएको छलफल र निर्णयहरुलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

**अब म आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटका सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्दछु ।**
**बजेटका उद्देश्यहरुः**

- संस्थागत सबलीकरण मार्फत सुशासन प्रवर्धन गर्नु ।
- पूर्वाधार विकास मार्फत विकासका सम्भावनालाई फराकिलो पार्नु ।
- विपदवाट हुन सक्ने क्षतिलाई न्युनिकरण र नियन्त्रण गर्दै विपद् व्यवस्थापन गर्नु ।
- दिगो विकासका सिद्धान्तहरु अवलम्बन गर्दै लक्ष्यहरु हासिल गर्नु ।
- पर्यटकीय क्षेत्रको पहिचान र पूर्वाधार विकास गरी पर्यटन पर्वद्धन र रोजगारी सिर्जना गर्नु ।
- महिला, वालवालिका, युवा, आदिवासी जनजाती, दलित, अल्पसंख्यक लगायत लक्षित वर्गहरुको सशक्तिकरण गरी सामाजिक समानता र समता कायम गर्नु ।
- समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय आकांक्षालाई सार्थक तुल्याउनु ।

**अब म आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**आयतर्फ**

नगरपालिकाको आन्तरिक श्रोतबाट रु.६ करोड ५० लाख, वित्तिय समानीकरण अनुदान नेपाल सरकारबाट रु. १७ करोड २ लाख, राजश्व बाँडफाँड संघीय सरकारबाट रु.१४ करोड ८३ लाख, सशर्त अनुदान संघीय सरकारबाट रु.४३ करोड ६६ लाख, विशेष अनुदान नेपाल सरकारबाट रु.४ करोड १८ लाख, समपुरक अनुदान नेपाल सरकारबाट रु.६० लाख, वित्तीय समानीकरण अनुदान प्रदेश सरकारबाट रु.२ करोड २८ लाख, सवारी साधन कर प्रदेश सरकारबाट रु.२ करोड २८ लाख, विशेष अनुदान प्रदेश सरकारबाट रु.४० लाख, समपूरक अनुदान प्रदेश सरकारबाट रु.२८ लाख, घरजग्गा रजिष्ट्रेशनबाट रु.४ करोड २० लाख, विज्ञापन करबाट रु.५ लाख ५१ हजार, नदीजन्य पदार्थ बिक्रि राजश्व बाडँफाडँ स्थानीय बाट रु.३ करोड ३० लाख र लागत सहभागिताबाट रु.१ करोड गरी कुल जम्मा बजेट रु.१ अर्व ६१ लाख ४४ हजार आय प्राप्त हुने अनुमान गरेको छु।

**व्ययतर्फ**

प्रशासनिक खर्च तर्फ रु.२१ करोड ११ लाख, मर्मत सम्भार कोषमा रु.१ करोड, समपुरक कोषमा रु.२ करोड ३५ लाख, विपद् व्यवस्थापन कोषमा रु.१ करोड, नगरस्तरीय योजना तथा कार्यक्रममा रु.१२ करोड १० लाख, वडास्तरीय योजना तथा कार्यक्रममा रु.१२ करोड ९२ लाख, सशर्त अनुदान नेपाल सरकार रु.४३ करोड ६६ लाख, विशेष अनुदान नेपाल सरकार र प्रदेश सरकार रु.४ करोड ५८ लाख, समपुरक अनुदान रु.८८ लाख ४२ हजार र जनसहभागितावाट रु.१ करोड व्यय हुने गरी आ.व. २०८२/०८३ को लागि कुल अनुमानित बजेट रु.१ अर्व ६१ लाख ४४ हजार पेश गरेको छु।

**अब म आर्थिक वर्ष २०८२/०८३ मा विषय क्षेत्रगत अनुमानित बजेट पेश गर्न अनुमति चाहन्छु।**

- नगरस्तरीय पूर्वाधार बिकासको लागि ६ करोड २५ लाख, सामाजिक विकास (शिक्षा, स्वास्थ्य, महिला बालबालिका, पोषण र सामाजिक सुरक्षा र पंजीकरण) तर्फ ४ करोड, आर्थिक बिकास (कृषि, पशुपन्छी, सहकारी, पर्यटन, श्रम तथा रोजगार र सुरक्षित आप्रवासन सामी) तर्फ १ करोड २५ लाख, सुशासन तथा संस्थागत विकास तर्फ २० लाख, बन वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४० लाख, न्यायिक समिति तर्फ २० लाख र वडा कार्यालयको समग्र विकासको लागि १२ करोड ९२ लाख विनियोजन गरेको छु।

**सभाका सम्पूर्ण सदस्यज्यूहरु, अव म आगामी आर्थिक वर्षमा गरिने मुख्य मुख्य कार्यक्रममा विनियोजन गरिएको अनुमानित बजेट पेश गर्न चाहन्छु।**

- विपद् जोखिम न्यूनिकरण गर्न केरुङ्गे खोला वडा नं १,३, ४, ५ मा तटबन्धन गर्नका लागि संघिय सरकारसंगको सहकार्यमा ३ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु।
- संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा फोहोर मैला व्यवस्थापन पूर्वाधार विकासको लागि रु. १ करोड १८ लाख बजेट विनियोजन गरेको छु।
- संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा कार्यान्वयन हुने समपुरक अनुदानमा नगरको तर्फबाट ७० प्रतिशत लागत व्यहोर्नु पर्ने भएकोले आगामि आ.व. समपुरक कोषको बजेट वृद्धी गरी २ करोड ३५ लाख पुर्याएको छु।
- शहरी शासकीय तथा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिकाको विकास आवश्यकता पुरा हुने गरी रोजगारमुलक आयोजनाहरु सञ्चालन गर्नको लागि बजेट रु.१ करोड ७० लाख विनियोजन भएको छ। जसअन्तर्गत १७ वटै वडामा श्रममूलक सार्वजनिक विकासका पूर्वाधारहरु निर्माण गरिनेछ।

- यस नगरभित्र रहेका विपन्न नागरिकहरुको आवास निर्माणको लागि ३० लाख बजेट विनियोजन गरेको छु ।
- नगर भित्र विभिन्न समयमा प्राकृतिक प्रकोप भैपरी आउने विपद् व्यवस्थापनको लागि  १ करोड र मर्मत सम्भारको लागि  १ करोड  बजेट विनियोजन गरेको छु ।
- वडा नं. २ को फलफुल चोक पूर्व नाला निर्माणको क्रममा मृत्यु भएका कामदारको परिवारको मुद्धती कोषको  लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बाटो स्तरोन्नती तथा कालोपत्रे, भवन, नाला निर्माण, पार्क, धार्मिक तथा अन्य संघ संस्था, खेलकुद मैदान, शैक्षिक पूर्वाधार विकास लगायतका पूर्वाधार विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- वडा कार्यालय भवन नभएका वडा नं ६, १३ र १७ को भवन निर्माणको लागि बजेट विनियोजन गरेको छु ।
- भ्यूटावरको संरक्षण र सम्बर्द्धन एवम् व्यवस्थापन प्रक्रिया अगाडी बढाउन बजेटको विनियोजन गरेको छु ।
- राष्ट्रकै गौरवको रुपमा रहेको राष्ट्रिय थारु संग्रालयको संरक्षणको लागि रकम विनियोजन गरेको छु ।
- यस नगरपालिका भित्र रहेका होमस्टेको पहिचान र पर्यटकहरुलाई चिनाउनको लागि थकाली चोकमा प्रवेशद्धार निर्माण गर्नको लागि बजेट विनियोजन गरेको छु ।

**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, **आविष्कार र उत्पादनको जग मेरो विद्यालय**, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट अपुरो भवन निर्माण, स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण, बढी विद्यार्थी भएका विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान, छात्रवृत्ती, विद्यालय मर्ज तथा मर्मत

संम्भार, विधार्थीका लागि अतिरिक्त क्रियाकलाप, विद्यालय करेसाबारी, स्वंयम सेवक शिक्षक व्यवस्थापन, खेलकुद क्षेत्रको विकास लगायत समग्र शिक्षा, युवा तथा खेलकुद क्षेत्रका लागि रु.२ करोड ८१ लाख बजेट विनियोजन गरेको छु।

- नगरभित्रका सबै सामुदायिक माध्यमिक विद्यालयमा म्युजिक शिक्षक परिचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- नगरको समग्र खेलकुद विकास तथा प्रवर्दनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- प्रतिफलका आधारमा दुग्ध उत्पादक किसानलाई प्रोत्साहनको लागि प्रतिलिटर रु.२ नगद अनुदानको लागि निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरेको छु।
- रेविज रोग नियन्त्रण एंवम भुसिया कुकुर नियन्त्रण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धी गर्न लागत सहभागिता माध्यमवाट आवश्यक वडाहरुमा सिंचाई बोरिङ्ग निर्माणका लागि १८ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- कृषक, फर्म, समूह, सहकारीमा स्थापना भएका कृषि सिचाई मिटर अनुदान कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु।
- माटो परीक्षण, पुष्प खेती विस्तार, बाली संरक्षण, जैविक तथा प्रांगारिक मल उत्पादन कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- नगरको समग्र कृषि क्षेत्रको आधुनिकिकरण र व्यवसायीकरणका लागि ७५ प्रतिशत अनुदानमा कृषि औजार तथा यान्त्रिकरणको वितरणका लागि १० लाख ७८ हजार रकम विनियोजन गरेको छु।
- नगरको समग्र पर्यटन प्रवर्दनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सहकारी, श्रम तथा रोजगार प्रवर्द्धन र सुरक्षित आप्रवासन सामी कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- प्रशासनिक खर्च कटौती गरी पूर्वाधार विकास र आर्थिक विकासमा बजेट बृद्धी गरेको छु ।
- करार सेवामा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न ३९ लाख बजेट विनियोजन गरेको छु ।
- सरोकार निकायसंग समन्वय गरी साईबर क्राईम न्यूनिकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- भुमीहिन दलित, सुकुम्बासी तथा अव्यवस्थितलाई व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- महेन्द्र राजमार्ग एंवम विभिन्न चोकमा हुने घटना र चोरी निकासीको पहिचान गरी समस्या समाधानमा सहयोग पुर्याउन सिसी क्यामरा जडान र मर्मतका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- आमा स्वास्थ्य कार्यक्रम, ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम, मानसिक स्वास्थ्य र अटिजम सम्बन्धी सचेतना, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, विभिन्न संक्रामक रोग नियन्त्रण लगायत समग्र स्वास्थ्य प्रवर्दनको लागि रु ७९ लाख  बजेट विनियोजन गरेको छु ।
- घरमा शुन्य सुत्केरी जिरो होम डेलिभरी कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- समाज टोल टोलमा स्वास्थ्य सेवामा पँहुचता र प्रभावकारीता ल्याउनका लागि अग्रपङ्तीमा खटिएका महिला स्वास्थ्य स्वंयम सेवकहरुमा प्रोत्साहन एवम् थप हौसला प्रदान गर्नका लागि उत्कृष्ट स्वास्थ्यकर्मी तथा उत्कृष्ट कर्मचारी  पुरस्कार, उत्कृष्ट महिला स्वास्थ्य स्वंयमसेविका पुरस्कार र स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि बजेटको व्यवस्था गरेको छु ।
- वंशाणुगत रोग सिकलसेल एनिमिया र थालासेमिया बारे जनचेतनाका लागि आवश्यक रकम विनियोजित गरेको छु ।
- विपन्न नागरिकको औषधीउपचारको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

- महिला, दलित,जनजाती, आदीवासी,अपाङ्गता भएका व्यक्ति, द्धन्द्ध प्रभावितहरु, जेष्ठ नागरिक र बालबालिकाको क्षमता विकासको लागि २२ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।
- सामाजिक सुरक्षा भत्ता प्रणालीलाई सुचना प्रविधिमैत्री बनाउन बजेट विनियोजन गरेको छु ।
- सुचकमा आधारित बालमैत्री कार्यक्रम सञ्चालन र बाल क्लबहरु सञ्चालन निरन्तरता लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बहुक्षेत्रीय पोषण प्रवर्द्धनको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- यस नगरपालिका भित्र क्रियाशील रहेका मिडियाहरुको प्रवर्दन कार्यक्रम कार्यविधी अनुसार खर्च गर्नका लागि ८ लाख बजेट विनियोजन गरेको छु ।
- बालबालिकाहरुको सृजनशिलताको विकासमा महत्वपुर्ण भुमिका खेल्ने गरी नगरपालिकाबाट नियमित प्रकाशन भईरहेको नगर कोपिला को प्रकाशनलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।
- रिटनी माइग्रेन्ट नेपालसँगको साझेदारीमा कार्यक्रम गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय क्षेत्रमा रहेको जैविक विविधता, स्थानीय कला, भाषा, धर्म, संस्कृति, रितिरिवाज, संस्कार र स्थानीय गतिविधिलाई प्राथमिकता दिई स्थानीय पाठ्यक्रम बिकासमा जोड दिईनेछ । लोपोन्मुख स्थानीय भाषा संस्कृतिको संरक्षणका लागि बजेट व्यवस्था गरेको छु ।
- हिंसा प्रभावित व्यक्तिहरुको लागि आपतकालिन आश्रय स्थल (Safe House) को सञ्चालन तथा व्यवस्थापन निरन्तरताका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- न्यायिक समितिको कार्य सम्पादनलाई थप चुस्त दुरुस्त बनाउन, न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्न र इजलाशको प्रभावकारी व्यबस्थापनका लागि २० लाख बजेट विनियोजन गरेको छु ।

- महिला उद्यमशील कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बजेट निर्माण कार्यमा मार्गदर्शन गर्नुहुने प्रतिनिधी सभाका माननीय सांसद, पुर्व माननीय सांसद ज्यूहरु, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, वडाध्यक्ष लगायत कार्यपालिका सदस्यहरु, वडासदस्य लगायत सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज र सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु । बजेट निर्माण कार्यमा अहोरात्र खटिएर साथ दिनुहुने राष्ट्रसेवक कर्मचारीहरुप्रति आभार व्यक्त गर्दछु ।

**अन्त्यमा,** नगरपालिकाको समग्र विकासमा निरन्तर टेवा पुर्याईरहनुहुने करदाताहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । कावासोती नगरपालिकाको आवधिक योजनाले तय गरेको नारा कृषि, शिक्षा, स्वास्थ्य, पर्यटकीय शहरः पूर्वाधारयुक्त औद्योगिक समुन्नत कावासोती नगर भन्ने मुल नारालाई आत्मसात गर्दै कावासोती नगरपालिको समृद्धि मार्फत नगरवासीको खुसीको लागि आर्थिक, भौतिक, सामाजिक, नैतिक, सबै सहयोग समन्वय र सहकार्यका लागि संघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, बुद्धिजिवी पत्रकार र आम नगरवासीहरुमा हृदयदेखि कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।